प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, खोटाङ्ग
प्रदेश नं. १

फोन नं. ०३६-४२०१३०
E-mail: khotangakc@gmail.com

# प्रस्तावना आह्वान सम्वन्धी सूचना

## प्रथम पटक सुचना प्रकाशित मितिः २०७८/०५/१३

कृषि ज्ञान केन्द्र, खोटाङको चालु आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **कृषि व्यावसाय प्रवर्द्धन कार्यविधि २०७६** मा तोकिएका शर्तहरु पालना गरी देहाय अनुसारका कार्यक्रमहरु संचालन गर्न खोटाङ जिल्ला भित्रका रीतपुर्वक दर्ता भएका इच्छुक कृषि सहकारी संस्था, कृषक समूह, कृषि फर्म तथा निजी कृषि उद्यमीहरुले आवश्यक कागजातहरु संलग्न राखी मिति २०७८/०६/११ गते (३० दिन) भित्र स्वीकृत कार्यविधि अनुसारको प्रस्ताव कृषि ज्ञान केन्द्र, खोटाङमा दर्ता गराउनु हुन सम्वन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ। साथै रीत नपुगेका र म्याद नाँघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क.स | आयोजना/ क्रियाकलापको विवरण | ईकाइ | परिमाण | आयोजनाको अधिकतम साझेदारी रकम | कार्यक्रम संचालन गर्नका लागि आवश्यक पर्ने आधारहरु | प्रस्ताव पेश गर्नसक्ने साझेदारहरु |
|---|---|---|---|---|---|---|
| १. | कागती खेती मिसन कार्यक्रम | संख्या | ८ | कुल लागतको ५०-८५% वा बढीमा रु. २ लाख ५० हजार प्रति इकाई | १. कम्तीमा मध्य पहाडमा ५ रोपनीको क्लष्टर हुनु पर्नेछ। | कृषि फार्म/कृषक समूह/ कृषि सहकारी |
| २. | व्यावसायिक फलफुल बगैंचा स्थापना सहयोग | संख्या | ७ | कुल लागतको ५०-७५% वा बढीमा रु. ३ लाख प्रति इकाई | १. फलफूलजात अनुसार कम्तीमा पहाडमा २ देखि ५ रोपनीको क्लष्टर हुनु पर्नेछ । | कृषि फार्म/कृषक समूह/ कृषि सहकारी |
| ३. | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | संख्या | ४ | कुल लागतको ५०-७५% वा बढीमा रु. ३ लाख प्रति इकाई | १. राजमार्ग आसपास बसोबास भएको हुनुपर्नेछ ।<br>२. तरकारी उत्पादन गर्ने जग्गाको जम्मा क्षेत्रफल मध्ये पहाडमा २ रोपनीमा अनिबार्य उन्नत प्रविधि प्रदर्शन गर्नुपर्नेछ । | कृषि फार्म/कृषक समूह/ कृषि सहकारी |
| ४. | बीउ विजन आत्मनिर्भर कार्यक्रम पहिलो वर्ष | संख्या | २ | कुल लागतको ५०-७५% वा बढीमा रु. १ लाख प्रति इकाई | १. पहाडमा १६० रोपनीमा विउ उत्पादन कार्य संचालन गर्नुपर्ने। | कृषक समूह/कृषि सहकारी संस्था/निजी कृषि उद्यमी/निजी कम्पनी |
| ५. | अलैंची निजी नर्सरी स्थापना | संख्या | १ | कुल लागतको ५०-७५% वा बढीमा रु. ८५ हजार प्रति इकाई | १. तालिम लिएको हुनुपर्ने छ।<br>२. आधा रोपनी जग्गा छुट्याउनु पर्ने। | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/निजी नर्सरी |

हरि नारायण राई
नि. प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | युवा लक्षित च्याउ/ मह/तरकारी उत्पादन कार्यक्रम | संख्या | ३० | कुल लागतको ५०-७५% वा बढीमा रु. १ लाख प्रति इकाई | १. पहाडमा ५ रोपनीमा तरकारी खेति तथा २ वटा थोपा सिंचाई सहितको प्लाष्टिक टनेल निर्माण गर्नुपर्नेछ।<br>२. मौरीपालन २० घार, च्याउ खेतिमा २ वटा टहरा हुनु पर्नेछ। | १८ देखि ५० वर्ष उमेर ननाघेका, विदेशबाट फर्केका तथा विदेश जान लागेका युवाहरु । |
| ७. | प्राङ्गारिक कृषि प्रवर्द्धन अभियान कार्यक्रम | संख्या | १ | कुल लागतको ५०-७५% वा बढिमा रु. ३२ लाख प्रति इकाई | १. कार्यविधिमा निर्धारण गरे बमोजिम हुनेछ । | कृषक समूह/कृषि सहकारी संस्था/निजी कृषि उद्यमी/फार्म/ व्यवसायिक कृषकहरु |
| ८. | चैते धान विशेष सहयोग कार्यक्रम | क्लष्टर | ५ | कुल लागतको ५०-१००% वा बढिमा रु. १ लाख प्रति इकाई | १. पहाडमा न्यूनतम २०० रोपनीको १ क्लष्टर हुनु पर्नेछ।<br>२. सूचिकृत तथा उन्मोचित जातहरु मात्र छनौट गर्नु पर्नेछ। | कृषक समूह/कृषि सहकारी संस्था/कृषक/निजि उद्यमी |
| ९. | नमुना कृषि फार्म स्थापना सहयोग कार्यक्रम | संख्या | ५ | कुल लागतको ५०-७५% वा बढीमा रु. ७ लाख प्रति इकाई | १. प्रस्तावनाका आधारमा एक स्थानिय तह एक नमूना फार्म हुनु पर्नेछ ।<br>२. प्राङ्गारिक र आईपीएम कृषि उत्पादन प्रविधि अलम्बन गर्ने फार्मलाई प्राथमिकता दिईने छ। | कृषि उद्यमी/कृषि फार्म/कृषक समूह/ कृषि सहकारी |
| १० | सघन वाली विकास आयोजना (धान, मकै, गँहु) पहिलो वर्ष | संख्या | १ | कुल लागतको ५०-८५% वा बढीमा रु. ९ लाख प्रति इकाई | १. कार्यविधिमा निर्धारण गरे बमोजिम हुनेछ ।<br>२. कम्तीमा ६०० रोपनीको क्लष्टर निर्धारण गर्नु पर्नेछ । | कृषक समूह/कृषि सहकारी/ निजी उद्यमी/जल उपभोक्ता समिति/कृषि उपज बजार व्यवस्थापन समिति |
| ११. | खेर गएका सार्वजनिक जग्गाहरुमा फलफूल खेति प्रवर्द्धन कार्यक्रम | संख्या | १ | कुल लागतको ५०-७५% वा बढीमा रु. ३ लाख प्रति इकाई | १. कम्तीमा पहाडमा ३ रोपनी क्षेत्रफल हुनु पर्नेछ ।<br>२. एकै ब्लक, सिमा जोडिएको जग्गा तथा अधिकतम क्षेत्रफलमा हुने प्रस्तावलाई प्राथमिकता दिईने छ। | स्थानिय तह/ सरकारी वा सार्वजनिक निकाय/स्थानिय मठ, मन्दिर, स्कुल, कलेज, गुठी तथा सामुदायिक संघ संस्थाको साझेदारी/कृषक समूह/ कृषि सहकारी संस्था/ कृषि उद्यमीहरुले संचालन गर्न सकिने |

हरि नारायण राई
नि. प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२. | रैथाने वाली उत्पादन प्रवर्द्धन कार्यक्रम (कोदो, फापर, | संख्या | ५ | कुल लागतको ५०-७५% वा बढीमा रु. १ लाख प्रति इकाई | १. एक स्थानिय तहमा कम्तीमा २० रोपनीको क्लष्टर हुनु पर्नेछ।<br>२. कृषकको हकमा ५ रोपनी र कृषक समूह, कृषि सहकारी सामुदायिक वीउ बैंक व्यवस्थापन समितिको हकमा क्लष्टरमा कम्तिमा २० रोपनीमा गर्नु पर्नेछ। | कृषक/कृषक समूह/कृषि सहकारी/सामूदायिक बीउ व्यवस्थापन समिति |
| १३. | एक पालिका एक नर्सरी स्थापना सहयोग कार्यक्रम | संख्या | ३ | कुल लागतको ५०-७५% वा बढीमा रु. १ लाख ५० हजार प्रति इकाई | १. नर्सरी स्थापनाको लागि पहाडमा २ रोपनी को जग्गा धनीपुर्जाको प्रमाणपत्र वा संस्थाको आफ्नै जग्गा नभएमा कम्तिमा १० वर्षको करारनामापत्र<br>२. कम्तीमा ५ वर्ष सम्म विरुवा उत्पादन गर्नु पर्नेछ । | कृषक समूह/कृषि सहकारी संस्था/निजी उद्यमी |
| १४. | माग मा आधारित कृषि कार्यक्रम | संख्या | ११ | कुल लागतको ७५% वा बढीमा रु. ५० हजार प्रति इकाई | १. विशेष कारणले कृषि विकास कार्यक्रमबाट लाभ लिन नसकेकालाई प्रथामिक्ता दिईने छ। | कृषक/कृषक समूह/कृषि फर्म/कृषि उद्यमीहरु |
| १५. | सुन्तलाजात बगैचा व्यवस्थापन एवम सुदृढीकरण कार्यक्रम | संख्या | ५ | कुल लागतको ७५% वा बढीमा रु. १ लाख प्रति इकाई | १. व्यवसायिक स्तरमा स्थापना भएका पुराना सुन्तलाजातका बगैंचा हुनु पर्नेछ।<br>२. कम्तीमा पहाडमा २ रोपनी बगैंचाको क्षेत्रफल हुनु पर्नेछ।<br>३. प्रधानमन्त्री कृषि आधुनिकिकरण आयोजना अन्तरगत सोहि बालीमा ब्लक तथा पकेट विकास कार्यक्रम लागू भएको क्षेत्र समावेश गरिने छैन। | कृषक/कृषक समूह/कृषि फर्म/कृषि उद्यमीहरु |
| १६. | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | क्लष्टर | ८ | कुल लागतको ७५-१००% वा बढिमा रु. ५ लाख २५ हजार प्रति इकाई | १. कार्यविधिमा निर्धारण गरे बमोजिम हुनेछ ।<br>२. पहाडमा न्यूनतम १००० रोपनीको १ क्लष्टर हुनु पर्नेछ। | कृषक समूह/कृषि सहकारी |
| १७. | आलु भण्डारणको लागी रष्टिक स्टोर भण्डार निर्माण | संख्या | १ | कुल लागतको ७५% वा बढिमा रु. ५ लाख प्रति इकाई | १. कार्यविधिमा निर्धारण गरे बमोजिम हुनेछ ।<br>२. मान्यता प्राप्त हुने गरी स्थापित भई सक्रिय रुपमा गुणस्तरीय वीउआलु उत्पादन कार्य थालनी भएका सहकारी संस्था/समूहमा कार्यक्रम संचालन गरिनेछ। | कृषक समूह/कृषि सहकारी |

हरि नारायण राई
नि. प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८. | अलैंची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोग कार्यक्रम | संख्या | २ | कुल लागतको ७५% वा बढिमा रु. १ लाख प्रति इकाई | १. कार्यविधिमा निर्धारण गरे बमोजिम हुनेछ । | कृषक/कृषक समूह/कृषि सहकारी/कृषि उद्यमीहरु |
| १९. | कृषि यन्त्र उपकरणहरु अनुदानमा वितरण कार्यक्रम | पटक | १ | कुल लागतको ७५% | १. व्यक्तिगत वा कृषक उपभोक्ता (एक वा संयुक्तरुपमा एकभन्दा बढी मिलेर आएमा) को हकमा १० रोपनी जग्गा हुनु पर्नेछ।<br>२. संस्थागत उपभोक्ता (कृषि सहकारी, कृषक समुह, निजी फर्म) को हकमा ३० रोपनी जग्गा हुनु पर्नेछ। | कृषक/कृषक समूह/कृषि सहकारी/कृषि उद्यमीहरु/निजी फर्म |

<u>आवश्यक कागजातहरु:</u>

१. रु. १० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचा बमोजिमको आबेदन ।

२. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३. प्रचलित कानुन वमोजिम आधिकारिक निकायमा संस्था, फर्म, समूह तथा सहकारी दर्ता प्रमाणपत्र (नविकरण भएको) र बैठक निर्णय प्रतिलिपि ।

४. कार्यक्रम संचालन गर्ने सदस्यहरुको नागरिकताको प्रतिलिपि ।

५. कार्यक्रम संचालनका लागि तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना ।

६. सम्बन्धित वडा कार्यालय र कृषि विकास शाखाको सिफारिस पत्र ।

७. संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपी ।

८. गत आ.व. को लेखा परिक्षण प्रतिवेदन विवरण ।

९. गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

१०. जग्गाधनीपुर्जाको प्रतिलिपि वा स्थानिय तहले सिफारिस गरेको जग्गाको क्षेत्रफल ।

११. सम्बन्धित विषयमा प्रवाधिक ज्ञान भए सो को प्रतिलिपी ।

१२. आवेदकले एकै प्रकृतिका अनुदान अन्य निकायबाट नलिएको वा नलिने स्वःघोषणा पत्र ।

१३. लिजमा लिएको जग्गाको हकमा वडा कार्यालयको रोहवरमा १० वर्षे करारनामा वा संकलन केन्द्रको हकमा २० वर्षको करारनामा वा सम्झौता पत्र ।

१४. यस अघि सोहि कार्यक्रमको लागि समिति दर्ता भएको भए सोको प्रतिलिपि।

१५. लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र।

१६. कार्यविधिमा उल्लेख भए बमोजिमका आवश्यक कागजातहरु ।

१७. प्रस्तावना निवेदन दस्तुर व्याक्तिगत रु. १०० र संस्थागत रु. २०० कृषि ज्ञान केन्द्र खोटाङको कार्यालय कोड नं. ३१२०१०८०११ राजश्व शिर्षक नं. १४२२९ राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ ।

आवश्यक जानकारीको लागी कृषि ज्ञान केन्द्र खोटाङ फोन नं. ०३६-४२०१३०/९८५२८४९१३० मा सम्पर्क गर्न सक्नुहुनेछ। साथै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ को वेवसाईट <u>molmac.p1.gov.np</u> वा कृषि विकास निर्देशनालयको वेबसाइट <u>doad.p1.gov.np</u> वा कृषि ज्ञान केन्द्र खोटाङको फेसबुक पेज "<u>कृषि ज्ञान केन्द्र खोटाङ</u>" बाट **"कृषि व्यवसाय प्रवद्धन अनुदान कार्यविधि २०७६, पहिलो संशोधन मिति २०७७/१२/११"** डाउनलोड गर्न सकिनेछ।

हरि नारायण राई

नि. प्रमुख